राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको
लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ | अंक १४० | २०८२ पुस ७ गते सोमवार | (22 Dec. 2025) | पृष्ठ ४ | मूल्य रु. ३।-

## जेनजी आन्दोलनपछिको राजनीति

# दलहरू बदलिए कि बदि्लन डराए?

दैनिक समाचारदाता

काठमाडौं, ६ पुस । भदौ २३ र २४ गतेको जेनजी आन्दोलन नेपालका लागि केवल एक युवा-आक्रोशको विस्फोट मात्र थिएन, त्यो राजनीतिक दलहरूका लागि चेतावनी, दबाब र ऐना तीनै थियो। आन्दोलनले एमाले नेतृत्वको सरकार ढाल्यो, प्रतिनिधिसभा विघटन गरायो र स्थापित दलहरूको नैतिक वैधतामाथि गम्भीर प्रश्न खडा गर्‍यो। यही पृष्ठभूमिमा सम्पन्न नेकपा एमालेको एघारौं महाधिवेशनलाई सामान्य पार्टी कार्यक्रमका रूपमा बुझ्न मिल्दैन। यो जेनजी आन्दोलनपछिको पहिलो ठूलो राजनीतिक परीक्षा थियो, जहाँ एमालेले सन्देश दिन खोज्यो– आलोचनाबाट तर्सिएनौं, तर केही सिक्न बाध्य भयौं।

विघटित प्रतिनिधिसभाको दोस्रो ठूलो दल एमाले जेनजी आन्दोलनको सबैभन्दा बढी आलोचित पार्टी थियो। युवामाथि दमन, सुशासनप्रतिको उदासीनता र नेतृत्वको दीर्घकालीन एकाधिकारले एमालेलाई प्रत्यक्ष निशानामा पारेको थियो। त्यसैले महाधिवेशनले कार्यकर्तामा नयाँ ऊर्जा भरेको दाबी गरिए पनि



यसको अन्तर्यमा 'संकट व्यवस्थापन'को राजनीति स्पष्ट देखिन्छ। व्यापक नेतृत्व हस्तान्तरणको बहस चलिरहेकै बेला केपी शर्मा ओली तेस्रो कार्यकालका लागि पुनः अध्यक्ष निर्वाचित हुनु परिवर्तनभन्दा निरन्तरताकै संकेत हो।

तर निरन्तरताको आवरणभित्र एमाले केही संरचनात्मक परिवर्तन गर्न बाध्य भयो। पार्टीको कार्यावधि २०८३ मंसिरसम्म रहे पनि एक वर्षअगावै महाधिवेशन हुनु आफैंमा जेनजी आन्दोलनको प्रत्यक्ष असर थियो। युवाको प्रतिनिधित्व बढाउन प्रत्येक निर्वाचन क्षेत्रबाट चारमध्ये एक जना ४० वर्षभन्दा कम उमेरको हुनुपर्ने व्यवस्था, केन्द्रीय कमिटीमा झन्डै पाँच प्रतिशत युवा अनिवार्य प्रतिनिधित्वजस्ता निर्णयले एमालेले सन्देश दिन खोज्यो–युवालाई उपेक्षा गर्न सकिँदैन।

यद्यपि नेतृत्व तहमा हेर्दा ओली अझै झनै बलियो बनेका छन्। १९ सदस्यीय पदाधिकारीमध्ये १७ जना र केन्द्रीय कमिटीमा ९० प्रतिशतभन्दा बढी ओली पक्षकै निर्वाचित हुनु आन्तरिक लोकतन्त्रभन्दा शक्ति सन्तुलनकै परिणाम हो। संस्थापन इतरलाई खुला चुनौती दिनेहरू देखिनु सकारात्मक भए पनि उनीहरूको प्रभाव सीमित रह्यो। पाँच दशकदेखि संस्थापन खेमामा रहेका ईश्वर पोखरेल ओलीविरुद्ध उभिनु आफैंमा ठूलो राजनीतिक साहस भए पनि परिणामले देखायो–एमालेमा असहमतिको मूल्य अझै भारी छ।

युवा सहभागिता र सुशासनको दबाबलाई एमालेका नवनिर्वाचित सचिव डा. राजन भट्टराईले स्वीकार गरेका छन्। तर 'शून्य सहनशीलता'को घोषणा व्यवहारमा कति लागू हुन्छ, त्यो आगामी दिनले देखाउनेछ। युवाको प्रतिनिधित्व बढ्नु स्वागतयोग्य हो, तर निर्णयकारी तहमा उनीहरूको प्रभाव कति रहन्छ भन्ने प्रश्न अझै अनुत्तरित छ।

जेनजी आन्दोलनको प्रभाव एमालेमा सीमित रहेन। विघटित प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसमा पनि हलचल देखियो। विशेष महाधिवेशनको घोषणा, सभापति शेरबहादुर देउवाले कार्यवाहक जिम्मेवारी प्रत्यायोजन गर्नु, र थुप्रै वरिष्ठ नेताहरूको संसदीय राजनीति नलड्ने घोषणा–यी सबै दबाबकै परिणाम हुन्। तर कांग्रेसमा देखिएको परिवर्तन संरचनागतभन्दा मनोवैज्ञानिक बढी देखिन्छ। संस्थापन विरोधी खेमाको मनोबल बढे पनि वास्तविक प्रभाव आगामी महाधिवेशन र निर्वाचनले मात्र निर्धारण गर्नेछ।

कांग्रेस नेता डा. प्रकाशशरण महतले जेनजी आन्दोलनको सकारात्मक-नकारात्मक दुवै प्रभाव स्वीकार्नु महत्त्वपूर्ण छ। विध्वंश र हिंसालाई नकारात्मक भन्दै सुशासनप्रतिको चेतनालाई सकारात्मक मान्नु यथार्थपरक विश्लेषण हो। तर नेतृत्व

*बाकी अन्तिम पृष्ठमा*

## मधेसको सभामुखमा रामआशिष यादव विजयी




दैनिक समाचारदाता

जनकपुरधाम ६ पुस । मधेस प्रदेशसभाको सभामुखमा रामआशिष यादव विजयी भएका छन् । मधेस प्रदेश सभामा रिक्त सभामुख चयनका लागि आइतबार निर्वाचन भएको थियो । सात दलीय गठबन्धनबाट जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक रामआशिष यादव र नेकपा एमालेबाट प्रदेश सांसद त्रिलोकी प्रसादले सभामुखका लागि उम्मेदवारी दिएका थिए ।

जम्मा खसेको ९६ मतमध्ये यादवले ७२ मत प्राप्त गर्दै विजयी हुँदा त्रिलोकी प्रसादले २४ मत मात्रै पाएका छन् । यसअघि एमालेबाट सभामुख बनेका रामचन्द्र मण्डल पद अनुकूल अचरण नगरेको भन्दै गत मंसिर ३ गते दुई तिहाई बहुमतबाट पदमुक्त भएपछि नयाँ सभामुख चयन गरिएको हो ।

सभामुखमा निर्वाचित यादव धनुषा निर्वाचन क्षेत्र नं. २ (ख) बाट दोस्रो पटक प्रत्यक्ष निर्वाचित सांसद हुन् । निर्वाचित सभामुख यादव लामो समयसम्म पत्रकारितामा सक्रिय रहेका थिए । उहाँ नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष रहि सक्नु भएको छ । सभामुख यादव सामाजिक क्षेत्रमा पनि निरन्तर रुपमा काम गर्दै आएका छन् । गंगासागर स्वच्छता अभियानको रुपमा पनि उनी चर्चित छन् ।

## मधेश मुख्यमन्त्री कार्यालय गृहमा सारियो

दैनिक समाचारदाता

जनकपुरधाम, ६ पुस । मधेश प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश भवनभित्रै रहेको गृह, सञ्चार तथा कानुन मन्त्रालयमा सरेको छ ।

जेनजी आन्दोलनको क्रममा मधेश प्रदेश सरकारको मुख्यमन्त्री कार्यालय गत २३ भदौमा जलाइएपछि मधेश भवनभित्र रहेको कबर्ड हलमा सारिएको थियो ।

आवश्यक भौतिक पूर्वाधार संरचना तथा फर्निचर नभएपछि जेनतेन कार्यालय सञ्चालनमा थियो ।

तर मुख्यमन्त्रीकै कार्यकक्ष थिएन । मुख्यमन्त्री कृष्णप्रसाद यादवको निर्णयले सो कार्यालय गृहसञ्चार तथा कानुन मन्त्रालयमा सारिएको हो ।


गृहसञ्चार तथा कानुन मन्त्रालय भने मुख्यमन्त्री कार्यालय रहेको कबर्ड हलमा सारिएको हो ।

## सामाजिक अपराध तथा हिंसा विरुद्ध एकजुट होऔं ।

- कुनै पनि प्रकारका हिंसा, दुर्व्यवहार, विभेद जस्ता सामाजिक अपराधजन्य क्रियाकलाप नगरौं।
- त्यस्ता कार्य भएको देखेमा स्थानीय प्रशासनमा खबर गरौं।
- सामाजिक अपराध र हिंसा विरुद्ध एकताबद्ध भएर आवाज उठाऔं।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू माथि हुने हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गरौं।
- सामाजिक सञ्जाल, सञ्चार माध्यममार्फत फैलन सक्ने झुठा समाचार, बदनियतपूर्ण/द्वेषपूर्ण सामग्री प्रति सजग रहौं।
- मानवीय मर्यादाको संरक्षण गर्दै छिमेकी र समुदायलाई सहयोग गरौं।
- विद्यालय, टोल तथा सामुदायिक संस्थामा हिंसारहित व्यवहार गरौं।
- सामाजिक अपराध रोक्न समुदाय - प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बनाऔं।
- अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं, पीडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

## सम्पादकीय

# निर्वाचन टार्ने बहानाले संविधानलाई जोखिममा नहालियोस्

लोकतन्त्रको आत्मा निर्वाचन हो। संविधानले तोकेको समयसीमाभित्र जनताले आफ्ना प्रतिनिधि छान्ने अधिकार प्रयोग गर्न पाउनुपर्छ भन्ने मान्यता नै संघीय लोकतान्त्रिक गणतन्त्रको आधारस्तम्भ हो। तर पछिल्लो समय निर्वाचन सार्ने सम्भावनाबारे देखिएका राजनीतिक संकेत र हल्लाले फेरि एकपटक देशलाई अनिश्चितताको घेरातर्फ धकेल्ने जोखिम बढाइरहेको छ। यही सन्दर्भमा नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारलाई दिएको कडा चेतावनीलाई सामान्य राजनीतिक अभिव्यक्तिका रूपमा मात्र लिन मिल्दैन। निर्वाचन सार्ने कुनै पनि प्रयास संविधानमाथिको प्रहार हुने उनको चेतावनीले वर्तमान राजनीतिक अस्थिरताप्रति गम्भीर चिन्ता प्रकट गर्छ। विगतमा पटक-पटक संविधान मिचिँदा देशले चुकाएको मूल्य अझै ताजा छ। त्यसैले अब फेरि त्यही गल्ती दोहोरिनु लोकतन्त्रका लागि घातक हुनेछ।

प्रचण्डले देशको असहज अवस्था देखेर विगतमा केही समझदारी र सहकार्य गरेको स्वीकारोक्ति पनि दिएका छन्। तर त्यो सहनशीलतालाई कमजोरी ठानेर निर्वाचनको मिति धकेल्ने दुस्साहस गरिए त्यसको परिणाम गम्भीर हुने संकेत उनले स्पष्ट गरेका छन्। वास्तवमा यो चेतावनी केवल एउटा दल वा नेताको होइन, संविधानप्रति आस्था राख्ने सबै लोकतान्त्रिक शक्तिको साझा चिन्ताको प्रतिबिम्ब हो।

निर्वाचन ६ महिना वा एक वर्ष सार्ने जस्ता हल्ला आफैंमा खतरनाक छन्। यस्ता चर्चाले राजनीतिक वातावरण झन् विषाक्त बनाउँछन् र जनतामा अविश्वास पैदा गर्छन्। सरकारको प्रमुख जिम्मेवारी भनेकै यस्ता हल्लालाई स्पष्ट कार्ययोजना र विश्वसनीय प्रतिबद्धतामार्फत खारेज गर्नु हो। समयमै, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गर्नु सरकारको संवैधानिक दायित्व हो, विकल्प होइन।

राजनीतिक दलहरूबीच मतभेद हुनु स्वाभाविक हो। तर संविधानको रक्षा र निर्वाचनको समयसीमाजस्ता विषयमा कुनै सम्झौता हुन सक्दैन। अहंकार, दम्भ र शक्ति प्रदर्शनको राजनीतिले मुलुकलाई बारम्बार दुर्घटनातर्फ धकेलेको इतिहास हामीसँग छ। अब त्यो इतिहास दोहोरिन दिनु हुँदैन।

शान्तिपूर्ण ढंगले समयमै निर्वाचन सम्पन्न गर्नु नै देशलाई संकटबाट जोगाउने सबैभन्दा भरपर्दो उपाय हो। सरकार, दलहरू र सम्पूर्ण राज्य संयन्त्रले यस विषयमा स्पष्ट, दृढ र जिम्मेवार व्यवहार देखाउनैपर्छ। निर्वाचन टार्ने बहानाले होइन, संविधान जोगाउने संकल्पले मात्र मुलुकको भविष्य सुरक्षित रहन सक्छ।

# रविको मुद्दामा उच्च अदालतले स्थापित गरेको विधिशास्त्र


दीपेन्द्र झा

उच्च अदालत, तुलसीपुरले विहीबार रवि लामिछानेलाई थुनामुक्त गर्ने आदेश जारी गर्‍यो। अदालतले के र कुन आधारमा लामिछानेलाई थुनामुक्त गर्ने आदेश जारी गरेको हो भन्ने आम सर्वसाधारणको जिज्ञासाको विषय बन्न पुगेको छ।

नेपालको न्यायिक अभ्यासमा पहिलो पटक यस्तो अभ्यास भएकोले कानूनी प्रावधान तथा यसको प्रयोगबारे बुझ्न आम जनमानसमा अलि कठिनाइ हुनु स्वाभाविक नै हो। तसर्थ, उक्त आदेश कसरी, के र कुन आधारमा आएको हो ? यहाँ सरल भाषामा जवाफ खोज्ने प्रयास गरेको छु।

रवि लामिछानेविरुद्ध रूपन्देही जिल्ला अदालतमा दायर भएको मुद्दाको स्थिति हेर्दा उनलाई थुनामा कि बाहिरै राखेर मुद्दाको पुर्पक्ष गर्न अनुमति दिने भन्ने विषयमा थुनछेक शुरु भएको हो।

जिल्ला अदालत रूपन्देहीले उनलाई १ करोड धरौटीमा थुना बाहिरै बसी मुद्दाको पुर्पक्ष गर्न पाउने अनुमति अर्थात् आदेश दिएको थियो। उक्त आदेश उच्च अदालतमा चुनौती हुँदा उच्च अदालत, तुलसीपुरबाट जिल्ला अदालतको उक्त आदेश बदर भई निजलाई थुनामै पठाउने आदेश जारी गरियो।

उच्च अदालतको थुनामा पठाउने यो आदेश पनि चुनौती हुँदा सर्वोच्च अदालतले उच्च अदालतकै आदेश सदर गरी लामिछानेलाई थुनामै पठाउने आदेश जारी गर्‍यो। यसरी तीन तहको अदालत हुँदै लामिछानेलाई थुनामा राखी पुर्पक्ष गर्ने आदेश जारी भएकोमा पुनः कसरी थुनामुक्त गर्ने आदेश जारी भयो भन्ने धेरैको जिज्ञासा रहेको छ।

यहाँ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१ को प्रयोग भएको छ।

यहाँ उक्त दफामा प्रयुक्त शब्दावलीहरूतर्फ हेर्दा, मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए तापनि यस प्रावधान अन्तर्गत अदालतहरूलाई प्रमाण बुझ्दै जाँदा पुर्पक्षका लागि थुनामा पठाइसकेको अभियुक्तलाई थुनामुक्त गर्न र थुनामुक्त गरिसकेको अभियुक्तलाई पुनः थुनामा पठाउने गरी उपयुक्त आदेश जारी गर्न सक्ने अधिकार रहेको प्रस्टै देखिन्छ।

यसरी हेर्दा उक्त दफा ७१ को प्रयोग प्रमाण बुझ्दै जाँदा जिल्ला अदालतले आफैँ (सुओ मोटो) पनि गर्न सक्ने देखिन्छ भने अभियुक्तले समेत अवस्थामा परिवर्तन आएमा दफा ७१ को प्रयोग गरी थुनामुक्त हुन पाऊँ भनी निवेदन दिन सक्ने देखिन्छ।

लामिछानेले सो बमोजिमको निवेदन शुरूमा जिल्ला अदालत रूपन्देहीमा पेस गर्दा, जिल्ला अदालतले निवेदन बमोजिम आदेश जारी हुन नसक्ने भनी आदेश गर्‍यो। उक्त आदेशलाई चुनौती गरी उच्च अदालत तुलसीपुरमा निवेदन दिइएको थियो। उक्त निवेदनमा सुनुवाइ गर्दै हिजो उच्च अदालतले निजलाई दफा ७१ बमोजिम केही सर्त राखी थुनामुक्त गर्ने आदेश जारी गरेको छ।

अब, उक्त दफा ७१ को प्रयोग कुन अवस्थामा हुन सक्ने र यसको विधिशास्त्र के हो भन्नेतर्फ हेरौं। उक्त दफा ७१ को प्रयोग गर्दा सर्वप्रथम मुद्दाको अवस्थामा कुनै आधारभूत परिवर्तन आउन आवश्यक हुन्छ। जस्तै, रवि लामिछानेको सन्दर्भमा हेर्दा निजले बचतकर्ताहरूको रकम सुनिश्चित होस् भन्ने अभिप्रायले आफ्नो भागमा पर्न आउने बिगो बराबरको रकम पछि मुद्दाको टुङ्गो लाग्दा फैसला बमोजिम हुने गरी हाललाई अदालतमा जम्मा गर्न तयार हुनु भनेको अवस्थामा परिवर्तन आएको बुझिन्छ।

उक्त दफा ७१ जस्तै भारतको फौजदारी कार्यविधि संहिता, १९७३ को दफा ४३७ (२), दक्षिण अफ्रिकाको फौजदारी कार्यविधि ऐन (क्रिमिनल प्रोसिजर एक्ट) को दफा ६०, पाकिस्तानको फौजदारी कार्यविधि संहिताको दफा ४९७ (२), बङ्गलादेशको फौजदारी कार्यविधि संहिताको दफा ४९७ (२), स्कटल्यान्डको क्रिमिनल प्रोसिजर (स्कटल्यान्ड) एक्ट १९९५ को सेक्सन ३० रहेका छन्।

दफा ७१ लाई दफा ६७ र ६८ को अपवादको रूपमा लिनुपर्ने देखिन्छ, जसले अभियुक्तको वैयक्तिक स्वतन्त्रताको हकलाई मुद्दाको जुनसुकै चरणमा पनि जीवित राख्ने आशय बोकेको छ।

कुनै अभियुक्तलाई मुद्दाको अनुसन्धान तथा पुर्पक्षको क्रममा थुनामा राख्न पाउनु राज्यलाई प्राप्त एक असाधारण अधिकार हो, तसर्थ यसको प्रयोग पनि राज्यले असाधारण अवस्थामा मात्र गर्नुपर्छ भन्ने मान्यता रहिआएको छ।

यदि कुनै कसुरमा शङ्कित व्यक्ति वा अभियुक्तलाई दोषसिद्धिपूर्व (प्रि-कन्भिक्सन स्टेज) थुनामा राख्नुपर्ने पर्याप्त कारण छैन भने निजले मुद्दाको कुनै पनि चरणमा जमानत पाउनुपर्दछ भन्ने उद्देश्य दफा ७१ ले राखेको देखिन्छ।

भारतमा यसको व्यापक अभ्यास भएका उदाहरणहरू छन्। जस्तैः बाबु सिंह एण्ड ओआरएस भर्सेज द स्टेट अफ यूपीको मुद्दामा न्यायाधीश भीआर क्रिष्न अयरलेले एकपटक जमानत निवेदन अस्वीकृत भए तापनि मुद्दाको पुर्पक्षको चरणहरूमा पुनः पटक-पटक अदालत समक्ष निवेदन गर्न पाउने अभियुक्तको अधिकार रहेको भनी आदेश गरेका छन्।

यसैगरी कल्यान चन्द्र सर्कार भर्सेज राजेश अलियस पप्पु यादव एण्ड एएनआर (२००४) को मुद्दामा प्रतिवादीले ७ पटक जमानत निवेदन दायर गर्दा आठौं पटकमा उच्च अदालतबाट जमानत प्राप्त गरेकोमा अभियोजकले उक्त आदेश विरुद्ध सर्वोच्च अदालतमा निवेदन दायर गरेको थियो।

यसरी हेर्दा दफा ७१ अनुसार अभियुक्तले मुद्दामा आएको परिवर्तन अनुसार जमानतका लागि पटक-पटक निवेदन गर्न मिल्ने नै देखिन्छ। अब, रवि लामिछाने आफ्नो भागमा आउने बिगो बराबरको रकम अदालतमा धरौटी राखी थुनामुक्त हुन पाउने आधार के भन्नेतर्फ हेरौं।

यो सन्दर्भमा सहकारी ऐन, २०७४ को संशोधित दफा १३१ (क) तथा सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदनको पृष्ठ ४४४ मा समितिको निष्कर्षतर्फ हेर्नुपर्ने हुन्छ। सहकारी ऐनको दफा १३१ (क) र छानबिन समितिको पृष्ठ ४४४ बाट सहकारी ठगीको कसुरमा कानूनको मूल उद्देश्य अभियुक्तको थुना नभई बचतकर्ताको रकम सुनिश्चितता रहेको प्रस्टै देखिन्छ।

तसर्थ, मुद्दाको फैसला हुँदा फैसला बमोजिम हुने नै हुँदा अहिलेलाई रकम सुनिश्चितताको लागि आफ्नो भागको बिगो धरौटी राख्दा कानूनको उद्देश्य पूरा हुने नै देखिन्छ।

यस सम्बन्धमा थुप्रै दृष्टान्तहरू छन्। केही प्रतिनिधि उदाहरणहरूको रूपमा भारतका केही अभ्यासहरूतर्फ दृष्टिगोचर गर्न सकिन्छ। जस्तैः सुभेलाल सुशील शाहु भर्सेस द स्टेट अफ छत्तीसगढ (२०२५) को मुद्दामा ५ जनामाथि २ हजार जति लगानीकर्ताहरूको लगभग ४ करोड भारतीय रुपैयाँ हिनामिना गरेको आरोप लगाइएको थियो।

यस मुद्दामा भारतीय सर्वोच्च अदालतले निज निवेदकको माग बमोजिम निजको भागमा आउने बराबरको ३५ लाख भारतीय रुपैयाँ धरौटी लिई जमानतमा बसी पुर्पक्ष गर्न पाउने गरी आदेश गरेको छ।

यसैगरी मेश कुमार भर्सेस द स्टेट अफ एनसीटी अफ दिल्ली (२०२३), आलोक कुमार भर्सेस द स्टेट अफ बिहार (२०२५), जगतार सिंह भर्सेस स्टेट अफ पञ्जाब एन्ड अनदर (२०२०), नीलेश रोहिदास शिन्दे भर्सेस द स्टेट अफ मध्य प्रदेश (२०२५) यी सबै मुद्दाहरूमा आफ्नो भागमा परेको बिगो बराबरको रकम धरौटी राखी जमानतमा बस्ने आदेश भएका दृष्टान्तहरू छन्।

यसरी रवि लामिछानेको सन्दर्भमा प्रयोग भएको दफा ७१ को विधिशास्त्रलाई बुझ्न सकिन्छ। उच्च अदालत तुलसीपुरले गरेको आदेश पनि यही स्थापित विधिशास्त्र तथा अभ्यासहरूलाई आत्मसात् गरी भएको हो।

*(लेखक झाले उच्च अदालत बुटवलमा रवि लामिछानेको तर्फबाट बहस गरेका थिए।)*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# मिथिला थाली दक्षिण एसियाकै उत्कृष्ट परिकार

नेशनल जियोग्राफीले सेफ सन्तोष साहको परिकारलाई नेशनल जियोग्राफिक म्यागजिनमा समेटेको छ। नेपाली सेफका रुपमा अन्तर्राष्ट्रिय स्तरमा चर्चा कमाएका साहको मिथिला थालीलाई नेशनल जियोग्राफीले फिचर गरेको हो।

नेशनल जियोग्राफिकको म्यागजिनको रिपोर्टअनसार हाल 'मिथिला थाली'ले अहिले दैनिक ५०० भन्दा बढी ग्राहकलाई सेवा दिइरहेको छ । सेफ सन्तोषले स्थानीय सामग्री, घरेलु स्वाद र परम्परागत विधिलाई आधुनिक शैलीसँग जोडेर प्रस्तुत गरेका परिकारहरू नेपाली खानाको अन्तर्राष्ट्रिय स्तरमा बढ्दो लोकप्रियताको प्रमाण भएको नेशनल जियोग्राफिकको लेखमा उल्लेख छ।

सेफ सन्तोषले जनकपुर र मिथिला थालीको नाम विश्वमाझ चर्चामा आउँदा निकै खुसी लागेको बताए। 'आफ्नै ठाउँ र ठाउँको स्थानीय खानाको अन्तर्राष्ट्रिय स्तरमा प्रशंसा हुँदा निकै खुसी लागेको छ, अन्तर्राष्ट्रिय स्तरको म्यागजिनले मेरो रेस्टुरेन्ट, परिकार र जन्मथलोको प्रशंसा गर्दा गर्व महसुस भएको छ', सेफ सन्तोषले भने ।

नेपाली खानालाई विश्वमाझ चिनाउन गुणस्तरमा विषेश ध्यान दिँदै आफूले पनि अझै आवश्यक मिहिनेत र परिश्रम गर्दै अघि बढ्न आवश्यक भएको साहको भनाइ छ । साहले आगामी दिनमा पनि नेपाली परिकारलाई विश्वमाझ पुर्याउनको लागि थप मेहनत गर्ने बताए ।

म्यागजिनमा जनकपुरलाई धार्मिक, सांस्कृतिक र पाक-परम्पराले भरिपूर्ण शहरका रूपमा वर्णन गरिएको छ । जनकपुर प्रवेश गरेसँगै देखिने जानकी मन्दिरको भव्यता, त्यसमा देखिने कलाकारिताका साथै तीर्थयात्रुहरूको उपस्थितिलाई समेत उक्त म्यागजिनमा प्रशंसा गरिएको छ । म्यागजिनमा मिथिला भोजनलाई दक्षिण एसियाकै उत्कृष्ट स्थानीय परिकारका रुपमा प्रस्तुत गरिएको छ । यसअघि पनि लोन्ली प्लानेट अन्तराष्ट्रिय म्यागजिनमा



जनकपुरधामलाई सांस्कृतिक, धार्मिक र खाद्य पर्यटनका लागि उदीयमान गन्तव्यको रूपमा सूचीबद्ध गरिएको थियो । सेफ सन्तोष साहले मिथिला थालीलाई जनकपुरमा मात्र सीमित राखेका छैनन् । 'मिथिला थाली बाइ सन्तोष शाह' नामबाट, ललितपुरको झम्सिखेल, काठमाडौंको नक्साल र गौशालामा भेज मिथिला थाली सञ्चालन गरिएको छ। यसका साथै सेफ सन्तोषले जनकपुरको माछाको स्वाद चखाउनको लागि जनकपुर फिस हाउस भनेर पनि नक्सालमा सञ्चालन गरेका छन् । यस्तै अबको केही महिनामा विरगञ्जमा पनि मिथिला थालीको नयाँ रेस्टुटरेन्ट सञ्चालन गर्ने तयारी रहेको साह बताउँछन्।

# बिहान नुहाउनु राम्रो हुन्छ कि रातमा ? विशेषज्ञहरु यसो भन्छन्

**ज्यास्मिन फोक्स-स्केली**

बिहान नुहाउनु राम्रो हुन्छ कि रातमा? विशेषज्ञहरू यसो भन्छन् कोही बिहान नुहाउन रुचाउँछन् भने कोही बेलुका। त्यसो भए कसले सही तरिकाले नुहाइरहेको छ त?

हामी बाँचिरहेको यो बढ्दो ध्रुवीकृत संसारमा एउटा प्रश्न छ जसले सायद हामीलाई अरूभन्दा बढी विभाजित गर्दछ- के तपाईंले बिहान सबैभन्दा पहिला गर्ने काम भनेको नुहाउने हो वा यो रातमा गर्ने अन्तिम काम हो? वा हुन सक्छ तपाईं अमेरिकी जनसङ्ख्याको ३४ प्रतिशत मध्ये एक हुनुहुन्छ जसले दैनिक नुहाउनुहुँदैन।

तपाईं जुनसुकै कित्तामा भए पनि तपाईंको छनौटले तपाईंको स्वास्थ्यमा कस्तो प्रभाव पार्छ भन्ने सोच्न सक्नुहुने छ।

*कुन बढी फाइदाजनक*

हामीमध्ये धेरैका लागि बिहान आँखा मिच्दै उठेपछि हामीले गर्ने पहिलो कामहरू मध्ये एक भनेको नुहाउने हो।

बिहान नुहाउनुपर्छ भन्नेहरूको प्रायः तर्क हुन्छ कि तातो पानीमा १० मिनेट नुहाउँदा उनीहरूलाई उठन, ताजा महसुस गर्न र दिन सुरु गर्न मद्दत गर्दछ। यद्यपि, रातको समयमा नुहाउनेहरूको तर्क चाहिँ सुत्नुअघि नुहाउँदा दिनभरिको फोहोर पखाल्न मद्दत पुग्छ र आनन्दमय निद्रा पुग्छ भन्ने रहन्छ।

त्यसो भए विज्ञानले के भन्छ जुन वास्तवमा हाम्रो लागि बढी फाइदाजनक छ?

नुहाउँदा छालाबाट फोहोर, पसिना र चिल्लोपना निखार्न मद्दत गर्छ। प्रदूषण र धुलोका कणका कारण दिनभरिमा शरीरमा फोहोर जम्मा भएका हुन्छन्। यदि तपाईंले सुत्नुभन्दा पहिले नुहाउनुभएन भने त्यो फोहोर तपाईंको तन्ना र तकियामा जम्मा हुन्छ।

तपाईंको छाला असाध्यै साना माइक्रोबियल लाइफले भरिएको छ। छालाको कुनै पनि भागलाई 'जूम' गरेर हेर्नुभयो भने तपाईंले त्यहाँ १०,००० देखि १० लाख ब्याक्टेरिया देख्नुहुनेछ।

तिनीहरूले तपाईंको पसिना आउने ग्रन्थिबाट निस्केको चिल्लो पदार्थ खान्छन्। पसिना आफैं दुर्गन्धित हुँदैन तर स्टेफिलोकककसजस्ता ब्याक्टेरियाले उत्पादन गर्ने सल्फरस कम्पाउन्ड भने पक्कै पनि दुर्गन्धित हुन्छ।

त्यसैले सुत्नुअघि नुहाउनु बढी स्वच्छ विकल्प जस्तो लाग्न सक्छ। जे होस्, सत्य त्योभन्दा बढी जटिल छ।

युनिभर्सिटी अफ लेस्टरका माइक्रोबायोलजिस्ट प्रिमरोज फ्रीस्टोन भन्छन्, "राति नुहाउँदा तपाईं सफा र सफा ओछ्यानमा जानुहुन्छ, तर रातभर पसिना बग्न थाल्छ।"

फ्रीस्टोनका अनुसार चिसो मौसममा पनि मानिसको पसिना आउँछ र ५०,००० वा बढी छालाका कोशिकाहरूमा जम्मा गर्दछ।

"तपाईं अझै पनि एक प्रकारको पसिना, सूक्ष्म वातावरण सिर्जना



गर्न जाँदै हुनुहुन्छ। त्यसलाई तपाईंको छालामा ब्याक्टेरियाले खान्छ र सानो स्तरमा शारीरिक गन्ध उत्पादन गर्छ। त्यसो भए राति नुहाएर सुतेपछि बिहान उठ्दा पनि तपाईंको शरीमा अझै पनि दुर्गन्ध आउँछ," फ्रीस्टोन भन्छन्।

*ओछ्यानको सफाइ अनिवार्य*

रातको समयमा नुहाउने फाइदाहरू पनि केवल तब मात्र लागु हुन्छन्, जब तपाईं नियमित रूपमा आफ्नो ओछ्यान सफा गर्नुहुन्छ। ब्याक्टेरिया तपाईंको तन्ना, तकिया र सिरकमा हप्तौंसम्म बाँच्न सक्छ।

ओसिलो ठाउँमा तपाईंको तकियामा पनि ढुसी आउन सक्छ।

प्रतिरक्षा क्षमता राम्रो भएका व्यक्तिहरूले यस्ता माइक्रोबियल आक्रमणको सामना गर्न सक्छन्। तर गम्भीर दम भएका ७६ प्रतिशत व्यक्तिहरूलाई कम्तीमा ढुसीको एउटा प्रकारबाट एलर्जी हुन्छ।

ए. फ्युमिगेटसले क्षयरोग वा धूमपानसँग सम्बन्धित फोक्सोको रोगबाट पीडित व्यक्तिहरूमा पुरानो फोक्सोको रोग निम्त्याउन सक्छ।

यूकेको हल विश्वविद्यालयका वरिष्ठ लेक्चरर होली विल्किन्सन भन्छन्, "साँझमा नुहाउनुभन्दा तपाईंको तन्ना सफा गर्नु बढी महत्त्वपूर्ण छ किनभने तपाईं नुहाएर ओछ्यानमा जानुहुँदा त्यो ओछ्यानमा एक महिनादेखि ब्याक्टेरिया र फोहोरहरू जम्मा भइरहेका हुन सक्छन्।"

यो एक समस्या हो किनकि लामो समयसम्म बस्ने धुलोका कारण एलर्जीको जोखिम बढाउँछ। यदि तपाईंलाई पहिल्यैदेखि नै फूल वा बिरुवाको पराग जस्ता कुराले एलर्जी हुन्छ भने तपाईंको ओछ्यान समयसमयमा सफा नगर्नुले तपाईंका लक्षणहरू अझ खराब हुने छन्। नियमित रूपमा फोहोर तन्ना भएको ओछ्यानमा जाँदा छालाको सङ्क्रमणको जोखिम बढ्न सक्छ - यद्यपि यसका लागि प्रमाणहरू भने निर्णायक हुन सकेका छैनन्।

*निद्राका लागि फाइदा*

रातको समयमा नुहाउनेहरू यसले उनीहरूलाई राम्रो निद्रा लाग्न मद्दत गर्ने तर्क गर्छन्। यसलाई पुष्टि गर्ने प्रमाणहरू पनि छन्।

उदाहरणका लागि १३ वटा अध्ययनको नतिजासँग तुलना गर्ने एउटा विश्लेषणले सुत्नुभन्दा एक वा दुई घण्टाअघि १० मिनेट तातो पानीले नुहाउँदा निद्रा पर्न लाग्ने समय निकै कम हुने पत्ता लगाएको छ। यसले शरीरको तापक्रम फेरि चिसो हुनुअघि 'सर्केडिअन' सङ्केतका रूपमा हाम्रो शरीरलाई निद्राको लागि तयार हुन मद्दत गर्ने सम्भावना रहन्छ। यद्यपि यो पुष्टि गर्न फेरि पनि थप अनुसन्धान आवश्यक छ।

त्यसो भए यसले हामीलाई बिहान वा बेलुकी कुन बेला नुहाउनु राम्रो हो भन्ने प्रश्नमा कहाँ पुऱ्याउँछ त? फ्रीस्टोन बिहानको नुहाउनुलाई प्राथमिकता दिन्छन् किनकि यसले ओछ्यानबाट रातको समयमा आएको धेरै पसिना र सूक्ष्म जीवहरू हटाउँछ र तपाईंलाई दिनका लागि सफा र ताजा महसुस गराउँछ।

जे होस् तपाईंको निर्णयले तपाईंको स्वास्थ्यमा अति थोरै मात्र फरक पार्ने सम्भावना छ। तपाईं रातमा सफा र ताजा महसुस गर्न चाहनुहुन्छ कि दिनमा भन्ने मात्रै फरक हो।

"यदि तपाईं दिनमा एक पटक नुहाउनुहुन्छ भने यसले वास्तवमै फरक पार्दैन कि तपाईं दिनको कुन समयमा नुहाउनुहुन्छ," विल्किन्सन भन्छन्।

खासमा दैनिक तपाईं मुख्य अङ्गहरूलाई सफा राख्नुहुन्छ भने स्वास्थ्य र स्वच्छताका लागि हप्तामा दुई पटक नुहाउनु पर्याप्त हुन्छ। "तपाईं कस्तो प्रकारको काम गर्नुहुन्छ भन्नेमा पनि यो निर्भर गर्छ। त्यसैले यदि तपाईं किसान हुनुहुन्छ भने उदाहरणका लागि तपाईं सम्भवतः दिनको अन्त्यमा घर आउँदा नुहाउन चाहनुहुन्छ। तर मलाई लाग्छ सफा ओछ्यान राख्नु समग्रमा बढी महत्त्वपूर्ण छ," विल्किन्सन भन्छन्। बीबीसी/नेपालीबाट

# सुजितको नयाँ कृति युगयुग सियागाम बजारमा

दैनिक समाचारदाता
जनकपुरधाम, ६ पुस । पत्रकारिता र साहित्यमा निक्कै चर्चा बटुल्न सफल भएका सुजित कुमार झाको पुनः मैथिली पुस्तक 'युग युग सियागाम' गुरु(शिष्य सम्वादको लोकार्पण भएको छ ।

मधेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारी र जानकी मन्दिरका सहायक महन्थ रामरोशन दास वैष्णवले संयुक्त रुपमा लोकार्पण गरेका हुन ।

लोकार्पण गर्दै मन्त्री तिवारीले गुरु शिष्य संवादको माध्यमले यहाँको धर्म संस्कृतिलाई जनजनसम्म पुर्‍याउन र जनचेतना फैलाउन नयाँ माध्यम अपनाएको बताएकी छिन् । उहाँले भनिन( 'समय अनुकूल साहित्य क्षेत्रमा पनि परिवर्तन आवश्यक छ, जुन साहित्यकार सुजित कुमार झाले प्रयास गरेका छन् ।

पुस्तकको कर्भर नै धेरै सन्देश दिईरहेको छ । एउटी



महिलाले कसरी बालबालिकाहरुसँग सम्वाद गरिरहेका छन् ।'

जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले मठ मन्दिर पोखरी तलाव यसक्षेत्रको विशेषता रहेको चर्चा गर्दै यो विशेषतालाई गुरु आमाको माध्यमले विद्यार्थीलाई बुझाउने प्रयास यो पुस्तकको माध्यमले राम्रो भएको उल्लेख गरेका छन् । उहाँले मैथिली भाषा साहित्यको विकासका लागि प्रदेश सरकारले विशेष योजना ल्याउनु पर्नेमा जोड पनि दिए ।

गुरु(शिष्य संवादको माध्यमले यहाँको संस्कृतिलाई बुझाउनु यसको मौलिकता एवं विशेषता रहेको छ । युग युग सियागाममा अनुसन्धान, कथा, संस्मरण, संवाद सबैथोक एकैठाउँमा रहेको देखिन्छ । एउटा शिक्षकको रुपमा पुरुष भन्दा महिला बढि प्रभावकारी रहेको अन्य सहभागीहरुले जिकिर गरेका छन् ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य राजेश कर्ण, मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी, राष्ट्रिय मुक्ति पार्टीका केन्द्रिय उपाध्यक्ष डा. राजीव झा, मधेश प्रदेश सभाका उपसचिव विपिन ठाकुर, कविर अनाथ आश्रमका सञ्चालक सत्यनारायण आलोक, पर्यावरण अभियानी सुरेश शर्मा, पूर्व केन्द्रिय सदस्य रिंकु गायत्री मिश्र, शिक्षा अभियानी एवं औषधी व्यवसायी संघका अध्यक्ष प्रमोद अग्रवाल, वरिष्ठ पत्रकार एवं उपप्राध्यापक श्यामसुन्दर शशि, उपप्रध्यापक जीतेन्द्र झा, जनकपुर उद्योग वाणिज्य संघका पूर्व उपाध्यक्ष जीतेन्द्रप्रसाद साह, प्याब्सन धनुषाका अध्यक्ष रवीन्द्रकुमार चौधरी, नीजि विद्यालयका नेताहरु अवधेश तिवारी, डिके चौधरी, कवि काशीकान्त झा, कलाकार पत्रकार घनश्याम मिश्र, राम युवा कमिटीका पूर्व अध्यक्षद्वय परमेश्वर साह, शम्भुप्रसाद शाह 'प्रेमी' लगायत विभिन्न क्षेत्रका व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

## दलहरू......

हस्तान्तरणको बहस कतै व्यक्तिगत स्वार्थको औजार त बनिरहेको छैन भन्ने प्रश्न पनि उत्तिकै गम्भीर छ।

माओवादी केन्द्रमा जेनजी आन्दोलनको प्रभाव झनै गहिरो देखियो। संगठनात्मक मात्र होइन, वैचारिक तहमै परिवर्तन आयो। माओवादीले आफ्नै विचारधारा परित्याग गर्दै एकीकृत समाजवादीलगायत दलहरूसँग मिलेर नयाँ नेकपा गठन गर्नु राजनीतिक इतिहासमै ठूलो मोड हो। मार्क्सवाद-लेनिनवादलाई मार्गनिर्देशक सिद्धान्त मान्ने घोषणा पुरानै कम्युनिष्ट धारतर्फ फर्कने संकेत हो, तर यसले माओवादीको मौलिक पहिचान कति जोगिन्छ भन्ने प्रश्न उब्जाएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र अन्य नयाँ शक्तिहरूले पनि जेनजी आन्दोलनलाई अवसरका रूपमा हेरे। रवि लामिछानेको अभिव्यक्तिले चुनावी गठबन्धनको संकेत दिन्छ भने पार्टीभित्रको विभाजनले नयाँ राजनीतिक प्रयोगहरू जन्माइरहेको छ। आन्दोलनपछि निर्वाचन आयोगमा दलको संख्या १४३ पुग्नु असन्तुष्टिको राजनीति संस्थागत हुन खोजेको संकेत हो।

तर सबैभन्दा चिन्ताजनक पक्ष के हो भने–स्थापित दलहरूमा नेतृत्व पुस्तान्तरणप्रति वास्तविक इच्छाशक्ति देखिँदैन। एमाले, कांग्रेस, नेकपा मात्र होइन, राप्रपा, जसपा, लोसपा, नेमकिपा जस्ता दलहरूमा पनि दशकौं पुरानै नेतृत्व हावी छ। विश्लेषक श्याम श्रेष्ठको भनाइमा, नेताहरू 'आर्यघाट नपुग्दासम्म' पद नछाड्ने मानसिकताबाट मुक्त देखिँदैनन्।

अर्का विश्लेषक कृष्ण पोखरेलले भनेझैं, जेनजी आन्दोलनको वास्तविक प्रभाव आगामी निर्वाचनमा देखिनेछ। मतदाताको चेतनामा आएको परिवर्तनलाई दलहरूले नजरअन्दाज गरिरहेका छन्। तर जनमतलाई सधैं बेवास्ता गर्न सकिँदैन। आन्दोलनले दिएको म्यान्डेटलाई आत्मसात् नगर्ने दलहरूलाई निर्वाचनले कठोर पाठ सिकाउन सक्छ।

# सञ्चार मन्त्री खरेलद्वारा ३० उपलब्धि सार्वजनिक

दैनिक समाचारदाता
काठमाडौँ ६ पुस । सूचना तथा सञ्चार प्रविधि मन्त्री जगदिश खरेलले पदबहाली गरेको तीन महिनाको अवधिमा भएका मन्त्रालयगत उपलब्धिहरू सार्वजनिक गर्नुभएको छ ।

मन्त्री खरेलले सिंहदरबारस्थित मन्त्रालयमा आज पत्रकार सम्मेलन गरी मन्त्रीको रुपमा पदबहाली भएको तीन महिनामा सम्पन्न भएका आमसञ्चार, दूरसञ्चार, सूचना प्रविधि, हुलाक सेवा, मुद्रण, चलचित्र र अन्य विभिन्न क्षेत्रका ३० उपलब्धिहरू सार्वजनिक गर्नुभएको हो ।

सञ्चार मन्त्री खरेलले तीन महिनाको अवधिमा आमसञ्चार क्षेत्रमा सूचना तथा प्रसारण विभागबाटै अनलाइन दर्ता तथा नवीकरण, एनटिभि वर्ल्डको शुभारम्भ, स्व. पत्रकार सरेश रजकलाई सहिद घोषणा, गोरखापत्रमा कुलुङ भाषा थप र ओएण्डएम स्वीकृतका कामहरू भएको जानकारी दिनुभयो ।

यस्तै सञ्चार मन्त्री खरेलले दूरसञ्चार क्षेत्रमा निःशुल्क वाइफाइ इन्टरनेट तर्फ काठमाडौँ उपत्यकाका १९ वटा सार्वजनिक स्थानमा जडान गरिएको र उपत्यका बाहिर २९ स्थानमा वाइफाइ जडानका लागि पक्रिया अघि बढाइएको बताउनुभयो ।

यस्तै सुदूरपश्चिम प्रदेशमा १५ वटा वायरलेस साइट जडान



गरिएको, नेपाल टेलिकमको सक्रिय ग्राहक सङ्ख्या दुई लाख वृद्धि,जेनजी डाटा प्याक कार्यान्वयन, एभरेष्ट वेस क्याम्पमा फोरजी सेवा विस्तार लगायतका कार्य सम्पन्न गरिएको पनि मन्त्री खरेलले बताउनुभयो ।

सञ्चार मन्त्री खरेलले जेन्जी घाइते पत्रकार सम्मान, जेनजी आन्दोलन क्षतिको विवरण तयार, सरकारी सञ्चार माध्यममा कार्यरत पत्रकार तथा कर्मचारीहरू सामाजिक सुरक्षा कोषमा आबद्धता लगायतका उपलब्धिहरू सार्वजनिक गर्नुभयो ।

पत्रकार सम्मेलनमा सञ्चार मन्त्री खरेलले सरकार जेनजी आन्दोलनको मर्म अनुरुप सुशासन, भ्रष्टाचार नियन्त्रणका लागि निर्मम रुपमा कार्य गर्दै अघि बढिरहेको बताउनुभयो । पत्रकार सम्मेलनमा सञ्चारकर्मीहरूको जिज्ञासाको जवाफ दिनुहुँदै सञ्चार मन्त्री खरेलले सरकार समयसीमा भित्रै निर्वाचन गराउन प्रतिबद्ध रहेको भन्नुहुँदै मुलुकमा निर्वाचनको वातावरण सहज बन्दै गएको पनि स्पष्ट पार्नुभयो ।

# एक महिनामा १४ वटा जघन्य अपराध

दैनिक समाचारदाता
काठमाडौं, ६ पुस । भक्तपुरमा पछिल्लो एक महिनामा १४ वटा जघन्य अपराधका घटना घटेका छन् । जिल्ला प्रहरी परिसर




भक्तपुरले गत मंसिरभरि जिल्लामा घटेका घटनाको विवरण आज सार्वजनिक गर्दै १४ वटा गम्भीर अपराधका घटना भएका जनाएको हो ।

परिसरका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक प्रकाश जवेजुले एक महिनामा ३७ जना पक्राउ परेका जनाउँदै १३२ मुद्दा दर्ता भएका उल्लेख गरे ।

उनका अनुसार आठ वटा लागुऔषधसम्बन्धी, चार वटा जबर्जस्ती करणी, दुई वटा मानव बेचबिखनका घटना भएका छन् । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँगसम्बन्धी अपराधका घटना बढी देखिएका उनले बताए ।

त्यस्तै, जिल्लामा बैंकिङ कसुरका मुद्दा सबैभन्दा बढी भएका जानकारी दिँदै परिसरका सूचना अधिकारी जवेजुले मंसिरमा ७१ वटा आर्थिक अपराधका घटनाअन्तर्गत बैंकिङ कसुरसम्बन्धी ६७ मुद्दा परेका बताए ।

सार्वजनिक चासो रहेको कर्तव्य ज्यानका दुई वटा मुद्दाको सफल अनुसन्धान गरेको, फैसला कार्यान्वयनबाट ३७ जना पक्राउ गरी रु ३८ लाख १३ हजार ८०० जरिवाना भराएको उनले बताए । सूचना अधिकारी जवेजुले निजहरूलाई सात वर्ष छ महिना १६ दिनको कैद सजायको फैसला गरिएको छ भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिकतर्फ परेका ४९ मध्ये ३३ वटा मुद्दामा मिलापत्र र १६ वटाको काम बाँकी रहेको जानकारी दिए ।

सूचना अधिकारी जवेजुका अनुसार १८ देखि ४० वर्षसम्मका ३३, ४० देखि ६० वर्षसम्मका निवेदनमा १६ जना पीडित छन् भने पीडकको उमेर समूहका आधारमा तथ्याङ्क विश्लेषण गर्दा १८ देखि ४० वर्षका ३६ जना र ४० देखि ६० वर्षसम्मका २० जना रहेका छन् ।

मङ्सिर महिनामा आठ जना महिला हराएकामध्ये छ जना फेला पारेका छन् भने सात जना पुरुष हराएकामध्ये पाँच जना फेला, ११ जना हराएका बालिकामध्ये सबै फेला पारेका छन् । घरेलु हिंसामा श्रीमान् श्रीमतीको झगडाका २० वटा उजुरी परेकामा हालसम्म ११ वटाको मिलापत्र गरिएको प्रहरीले जनाएको छ ।

ठाडो उजुरीतर्फ २०१ दर्ता भएकामा १६७ फछ्र्यौट भएका भन्दै प्रहरीले जिल्ला प्रशासन कार्यालयमार्फत प्रहरी कार्यालयमा आएका उजुरीको सङ्ख्या ४४ रहेकामा ४० फछ्र्यौट भएको जनाएको हो ।

लागुऔषधका आठ घटनामा १२ जना पक्राउ परेका जनाउँदै प्रहरी नायब उपरीक्षक जेवेजुले विभिन्न लागुऔषधसमेत बरामद गरिएको बताए । जिल्ला प्रहरी कार्यालय भक्तपुरले मंसिरमा पाँच वटा आत्महत्याका घटना भएको पुष्टि गरेको छ ।







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४